

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ३ गते बुधबार ❑ 15 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## फेरी विवादमा पर्ने गरी सांसदलाई पैसा बाड्ने तयारी गर्दै प्रदेश सरकार

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

गैर बजेटरी आफ्नो अनुकुल बजेट पार्ने ढंगले ऐन नै संसोधन गरी रकमान्तर गर्ने बाटो खुलाएको गण्डकी प्रदेश सरकारले फेरी अर्को विवादित निर्णय गर्ने तयारी गरेको छ।

अघिल्लो सरकारले एक हिसावले हटाएको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई नयाँ सरकारले पुन निरन्तरता दिदै प्रत्यक सांसदलाई २ करोड बाड्ने गरी विवादित निर्णय गर्न लागेको हो । प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले मंगलबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा वोल्दै आन्तरिक मामिला तथा कानून मन्त्री रोशन बहादुर गाहा मगरले उक्त कुराको खुलसा गरे । केही योजनामा समस्या देखिएकोले ऐन नै संसोधन गरी रकमान्तर गर्ने बाटो खुलाएको बताएका मन्त्री गाहा मगरले पूर्वाधार विकास कार्यक्रम समेत लागु गर्ने तयारी भएको बताएका हुन्। कार्यविधि निर्माणको चरणमा रहेको उक्त कार्यविधि निर्माण भए



पश्चात पूर्वाधार विकास कार्यक्रम यसै बर्ष सरकारले लागु गर्ने तयारी गरेको मन्त्री गाहा मगरले बताए।

हरेक संसादलाई जनही २ करोड रुपैयाका विभिन्न योजना दिने गरी वितरण हुदै आएको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम निवर्तमान अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले बजेटमै हटाएसंगै त्यसलाई अहिलेको नयाँ सरकारले पहिलाकै ढंगमा सांसदलाई रकम बाड्ने तयारी गरेको छ । प्रदेश सरकारका प्रवक्ता समेत रहेका गाहा मगरले यही फागुन ४ गते प्रदेश सरकारको स्थापना दिवसमा प्रभातफेरी सहितको पोखरा सभागृहमा कार्यक्रम आयोजना गरिने भएको बताए।

नयाँ सरकार आएसंगै केही कर्मचारीहरु डर त्रासले काम्ने गरेको मन्त्री गाहा मगरले बताए। विचारको हिसावले कसैलाई विभेद नगर्ने मन्त्री गाहा मगरले बताए। शक्ति र पहुचका भरमा दक्ष र योग्य कुनै कर्मचारीलाई नहटाउने उनले जनाए । कतिपय योजनाहरुको नाम कहाँ नेर हो कुन पालिका वा वडाको हो त्यसको हालसम्म पनि एकिन गर्न नसकिएकोले गर्दा योजनाको नाम लेखिएको स्थानिय बासिलाई समेत जानकारी नभएकोले गर्दा पनि रकमान्तर गर्न लागिएको मन्त्री गाहा मगरले बताए। प्रतिपक्ष दललाई समन्वय गरी रकमान्तर गर्ने तयारी गरिएको उनले जनाए। अघिल्ला सरकारले गरेसरी प्रतिपक्ष दललाई समेत केही योजना दिएर भए पनि सरकार रकमान्तर गर्ने दाउमा रहेको छ । ऐनमा बजेट खर्च हुन नसके चैतमा मात्रै रकमान्तर गर्न पाइने व्यवस्था गरिएको छ । त्यसलाई संशोधन गरेर चैत अघि पनि रकमान्तर गर्न पाउने व्यवस्था थप्न ऐन संशोधन गरिएको हो।

सरकारले पूँजीगत खर्चमा वृद्धि गर्ने भन्दै चैत महिनालाई घटाएर माघ महिना बनाएर ऐन संशोन गरेको छ। रकमान्तर गर्दा प्रदेश सरकार, अर्थ मन्त्रालयले सम्बन्धित आयोजना तथा कार्यक्रममा सुरूमा विनियोजित भएको रकमको शतप्रतिशत भन्दा बढी नहुने गरी आवश्यकता अनुसार रकमान्तर गर्न सक्ने छन् । कार्यक्रममा मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, उपसचिव रोसन अर्याल लगायतले वोलेका थिए।

## देशमा अस्थिरता ल्याउन प्रयास भइरहेको छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ फागुन

नेकपा (एमाले) अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देशमा अस्थिरता ल्याउन प्रयास भइरहेको बताउनुभएको छ । अहिलेको सत्ता गठबन्धन भत्काउन अनेक प्रयाससमेत भइरहेको उहाँले उल्लेख गर्नुभयो।

अनेरास्ववियुको २३औं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै अध्यक्ष ओलीले मुलुकमा अस्थिरता ल्याउन विभिन्न शक्तिले चलखेल गरिरहेको आरोप लगाउनुभयो । "हामीले लिएको समृद्ध नेपाल र सुखी नेपाली राष्ट्रिय आकाङ्क्षा गलत हुन सक्दैन", उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले एमाले मुलुकको पालेको रुपमा रहेको उल्लेख गर्नुभयो । उहाँले देश बनाउने विषय भएकाले राजनीति सोझो रेखामा नजाने भनाइ राख्नुभयो । "देश बनाउनुपर्ने कुरा छ। सोझो रेखामा राजनीति जाँदैन। मैले अनेक उतारचढाव देखेको छु। उतारचढाव फेरि पनि आउँछन् ।" उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले अखिललाई अनुशासित, गतिशिल र एकताबद्ध सङ्गठन बनाउन आग्रह गर्नुभयो । "अखिल नेपालको विद्यार्थी आन्दोलनको मूलधार मात्र नभई राजनीतिक भूमिका खेलेको संस्था हो", उहाँले भन्नुभयो।

एमाले महासचिव शङ्कर पोखरेलले नेपालको राष्ट्रिय राजनीतिलाई कमजोर पार्न विदेशी चलखेल भइरहेको आरोप लगाउनुभयो । एमाले स्थायी कमिटी सदस्य भानुभक्त ढकालले स्ववियु निर्वाचनसँग महाधिवेशन जोडिएकाले विद्यार्थीले जायज माग उठाउनुपर्ने बताउनुभयो। एमाले केन्द्रीय सदस्य तथा अखिलका पूर्वअध्यक्ष माधव ढुङ्गेलले नेपालको राजनीतिक आन्दोलनमा विद्यार्थीले महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्नुभयो। अखिल अध्यक्ष सुनिता बरालले महाधिवेशलाई विद्यार्थी आन्दोलनको रुपान्तरणको रुपमा लैजाने उल्लेख गर्नुभयो।

महाधिवेशन उद्घाटन समारोहमा अखिलका वरिष्ठ उपाध्यक्ष आरसि लामिछाने, नेपाल विद्यार्थी सङ्घका नेता दिनेश शाहीलगायतले आफ्नो धारणा राख्नुभएको थियो । 'निशुल्क शिक्षा, स्वास्थ्य र पूर्ण रोजगार, समृद्ध नेपाल निर्माणको आधार ! गुणस्तरीय शिक्षा, गतिशिल सङ्गठन र स्ववियु निर्वाचन, हाम्रो सरोकार' नाराका साथ भइरहेको महाधिवेशनमा देशभरिबाट एक हजार पाँच सय ८८ प्रतिनिधि सहभागी छन् । महाधिवेशन सात वर्षपछि हुन लागेको हो । महाधिवेशनले आगामी दुई वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ।

## यातायात क्षेत्रको समस्या समाधान गरिने

**रासस**
काठमाडौं, २ फागुन

यातायात क्षेत्रमा देखिएको समस्या समाधानका लागि बनेको उच्चस्तरीय कार्यदलको बैठक सम्पन्न भएको छ।

यातायात व्यवस्था विभागका महानिर्देशक तुलसीनाथ गौतमको संयोजकत्वमा बसेको बैठकमा तत्काल सम्बोधन गर्ने र दीर्घकालीन रुपमा सम्बोधन गर्नसक्ने मागपत्रको बारेमा सूचीकरण गरेर अगाडि बढ्ने सहमति भएको छ । नेपाल यातायात मजदुर सङ्घका महासचिव नुरनाथ पन्तले बैठकमा यातायात क्षेत्रमा देखिएको समस्या तत्काल सम्बोधन गर्न सकिने र दीर्घकालीन रुपमा गर्न सकिने बारेमा यातायात व्यवसायी र यातायात मजदुरबीच बसेर साझा धारणा बनाएर पर्सीको कार्यदलको बैठकमा पेश गर्ने निर्णय भएको राससलाई जानकारी दिनुभयो।

"भोलि बेलुकासम्म यातायात व्यवसायी र मजदुर सङ्घ, सङ्गठन मिलेर यातायात क्षेत्रमा देखिएका समस्याबारे साझा धारणा बनाउने र पर्सी यातायात व्यवस्था विभागमा बस्ने कार्यदलको बैठकमा पेश गर्ने निर्णय भएको छ", उहाँले भन्नुभयो।

यातायात मजदुरको आन्दोलनका कारण सोमबार बालाजु क्षेत्रमा दुईवटा प्रहरी भ्यानमा आगो लगाउनुका साथै नयाँ बसपार्कस्थित सञ्चालनमा रहेको लोत्से मलमा तोडफोड तथा चोरी भएको थियो।

## सहरी क्षेत्रमा मतदान कम हुनाको कारण खोज्नुपर्छ : प्रमुख आयुक्त थपलिया

**रासस**
काठमाडौं, २ फागुन

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सहरी क्षेत्र र शिक्षित मतदता भएका स्थानमै मत कम खस्ने र बढी मत बदर हुने प्रवृत्तिको कारण खोज्नुपर्ने बताउनुभएको छ।

गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको समीक्षा गर्न निर्वाचन आयोगले आज ललितपुरको गोदावरीमा आयोजना गरेको केन्द्रीय कार्याशाला शुभारम्भ गर्दै उहाँले दुर्गम क्षेत्र र मतदाता शिक्षा कम पुगेको कतिपय स्थानमा ९० प्रतिशतभन्दा बढी मत खसेको तर सहरी क्षेत्रमा त्यसको विपरीत पाइएको बताउनुभएको हो ।

प्रमुख निर्वाचन आयुक्त थपलीयाले भन्नुभयो, "राजनीतिक दलको गठबन्धन या अरु कुनै अदृश्य के कारणले यस्तो भएको हो ? यसबारे अध्ययन र विश्लेषण गर्नुपर्ने अवस्था आएको छ ।" सो निर्वाचनमा देशभर ६१ दशमलव ४१ प्रतिशत मतदान भएकामा सरदर पाँच प्रतिशत मत बदर भएको थियो। प्रत्येक महिना वडा कार्यालयबाट स्वतः नामावली अद्यावधिक गरेर हरेक महिना जिल्ला निर्वाचन कार्यालयले प्रमाणीकरण किन नगर्ने भन्दै उहाँले निर्वाचन कानुन, सामग्री खरिद, ढुवानी, निर्वाचन प्रक्रिया आदिका विषयमा देखिएका समस्या पहिचान गरी सुधार गर्नुपर्ने विषयमा आवश्यक छलफलसहित आगामी निर्वाचनका लागि तयारी गर्न आग्रह गर्नुभयो।

आयोगका सचिव गोकर्णमणि दुवाडीले निर्वाचनमा गरिएका अशल अभ्यास र भोगिएका समस्याका आधारमा सुधारको मार्गचित्र बनाउनुपर्ने सुझाव दिनुभयो । निर्वाचन प्रणालीका लागि अन्तर्राष्ट्रिय फाउण्डेशन (आइएफइएस) का राष्ट्रिय निर्देशक पास्कालिन क्रोनले आयोगले यो एउटै वर्षमा धेरै निर्वाचन सफलतापूर्वक सम्पन्न गराएको उल्लेख गर्दै निर्वाचन व्यवस्थान र सञ्चालनका क्रममा निरन्तर साझेदारी हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यशालामा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनका लागि गरिएका नवीनतम अभ्यास, समस्या र समाधानका प्रयासबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । आयोगका आयुक्त, आयोगका कर्मचारी, सबै प्रदेश निर्वाचन अधिकारी र जिल्ला निर्वाचन अधिकारी सम्मिलित दुई दिने समीक्षा कार्यशालापछि उक्त निर्वाचनको समीक्षा चक्र पूरा हुने आयोगका उपसचिव कमल भट्टराईले जानकारी दिनुभयो । यसअघि आयोगले भक्तपुरमा प्रारम्भिक निर्वाचन समीक्षा, सात प्रदेशका सात जिल्ला र काठमाडौंमा सञ्चारकर्मी तथा पर्यवेक्षण गर्ने संस्थाका प्रतिनिधिसँग अलग-अलग समीक्षा कार्यशाला सम्पन्न गरेको थियो।

## ४२ देशका पर्यटकको आगमन

**पोखरापत्र संवाददाता**
मनाङ, २ फागुन

हिमाली जिल्ला मनाङमा यसवर्षको हिउँदमा हिउँ नपरे पनि पर्यटकको आवगमन भइरहेको छ । हिउँदमा हिमपातमा रमाउने पर्यटकको यसवर्ष हिउँ नपरे पनि आवागमन भने रोकिएन।

सन् २०२३ को सुरुआतमा नै ४२ देशका पर्यटक मनाङ भित्रिएका हुन्। जनवरीमा ४२ देशका तीन सय १८ नागरिकले मनाङ भ्रमण गरेको तथ्याङ्क रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालयका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार जनवरीमा सबैभन्दा बढी कोरियाका ६९ नागरिक मनाङ भ्रमणका लागि आएको तथ्याङ्क छ । "विशेषगरी हिउँदमा यहाँ चिसो र हिमपात हुन्छ तर यसवर्ष हिँउ परेन, हिउँदमा हिउँ खेल्न पर्यटक आउने हो, हिउँ नपरे पनि झन विदेशी पर्यटक बढेका छन्", प्रमुख गौतमले भन्नुभयो। नयाँ वर्षको योजना बनाएर कोरियाका पर्यटक मनाङ भ्रमणमा आएका थिए। उनीहरूले यहाँको भन्दा बढी चिसोमा बसिरहेका हुनाले हिउँदमा त्यहाँका पर्यटक बढी आउने गरेको उहाँले बताउनुभयो।

हिमपात नहुँदा थोराङ्ला भञ्ज्याङ कट्ने, तिलिचो ताललगायत विभिन्न स्थानमा पुग्ने पर्यटक वर्षको पहिलो महिनामा बढी भित्रिएका थिए । त्यस्तै फ्रान्सका ३६, अष्ट्रेलियाका ३४, बेलायतका २१, जर्मनका २१, अमेरिकाका १५, बेल्जियमका १३, भारतका १२ र नेदरल्याण्ड्सका १० पर्यटक भित्रिएका र अन्य देशबाट भने अलिकम पर्यटक भित्रिएको प्रमुख गौतमको भनाइ थियो।

## स्ववियु निर्वाचनमा ५० प्रतिशत महिला सहभागी गराउन माग

**रासस**
काठमाडौं, २ फागुन

नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुले त्रिभुवन विश्वविद्यालय (त्रिवि)को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा ५० प्रतिशत महिला सहभागी गराउन माग गरेको छ।

मंगलबार अनेरास्ववियुका महासचिव आरती लामाले त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीसमक्ष ज्ञापनपत्र बुझाउँदै ५० प्रतिशत महिला सहभागी गराउन माग गर्नुभएको हो । ज्ञापनपत्रमा संविधानले हरेक क्षेत्रमा महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गरेको उल्लेख गर्दै स्ववियु निर्वाचनमा ५० प्रतिशत महिला अनिवार्य सहभागी गराउन भनिएको छ।

त्रिविले आगामी चैत ५ गते त्रिविकादेशभरका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ। त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गरिन थालिएको हो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# गण्डकी प्रदेश स्तरिय दोस्रो खुल्ला आर्चरी प्रतियोगिता फागुन ५ देखि पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

गण्डकी प्रदेश स्तरिय दोस्रो खुल्ला आर्चरी प्रतियोगिता २०७९ यहि फागुन ५ गतेदेखि पोखरा रगंशालाको आर्चरी खेल मैदानमा हुने भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना,गण्डकी प्रदेश आर्चरी सघको संयोजनमा, नेपाल आर्चरी सघको समन्वयमा र अन्नपुर्ण आर्चरी क्लबको ब्यबस्थापन यही फागुन ६ गतेसम्म उक्त प्रतियोगिता हुने भएको सह–आयोजक कास्की जिल्ला आर्चरी सघले जनाएको छ । प्रतियोगितामा गण्डकी प्रदेशका मुस्ताङ, मनाङ, म्याग्दी, पर्बत, बागलुङ, र कास्की बाट करिब ९५ जना खेलाडीहरुको सहभागिता हुने अपेक्षा गरिएको कास्की जिल्ला आर्चरी संघका अध्यक्ष योगेन्द्र शेरचनले बताए। प्रतियोगिता अर्न्तगत रिकर्ब ओपन पुरुष र महिला र स्टाण्डर्ट पुरुष तर्फ को ब्यक्तिगत खुल्ला प्रतिस्प्रर्धा हुने भएको अध्यक्ष शेरचनले जनाए। रिकर्ब ओपन ७० मी र स्टाण्डर्ट ३० मी को दुरीमा खेलाइने तयारी गरिएको छ। प्रतियोगितामा रिकर्ब ओपन पुरुष तर्फ विजेतालाई ३० हजार, उपविजेतालाई २० हजार र तेश्रो हुनेलाई १५ हजार साथमा शिल्ड, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको छ । रिकर्ब ओपन महिला तर्फ विजेतालाई भने १५ हजार, उपविजेतालाई १० हजार र तेश्रो हुनेलाई ५ हजार प्रदा गरिने भएको छ । स्टाण्डर्ट पुरुष तर्फ विजेतालाई २० हजार, उपविजेतालाई १५ हजार र तेश्रो हुनेलाई १० हजार प्रदान गरिने भएको छ। उक्त अवसरमा ६० बर्ष भन्दा उमेर समुहका खेलाडीहरु (भेट्रान्स) को प्रतिस्प्रर्दा हुने भएको छ। भेट्रान्स पुरुष तर्फ प्रथम हुनेलाई ८ हजार, दोस्रो हुनेलाई ५ हजार र तेस्रो हुनेलाई ३ हजारको साथमा मेडल र प्रमाण पत्र प्रदान गरिने संघले जनाएको छ । प्रदेश खेलकुद परिषदको बार्षिक कार्यक्रम अर्न्तगत आयोजना हुने उक्त प्रतियोगितामा मुख्य आर्थिक सहयोगीको रुपमा नेपाल ईन्भेष्टमेन्ट मेघा बैकं र पोखरा महानगरपालिका रहेको संघले जनाएको छ । बिगत १० बर्ष देखी आर्चरी प्रतियोगितालाई उक्त बैंकले निरन्तर आर्थिक सहयोग गर्दै आएको छ भने यस बर्ष देखी पोखरा महानगरपालिकाले समेत सहयोग गर्ने भएको हो।

यसैबिच, शुक्रबार सामाजीक बिकास तथा स्वास्थ मन्त्री पन्चराम गुरुङले उक्त प्रतियोगिताको उद्घाटन गर्ने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ।



सुख्खा फेवाताल किनारा : पोखराको पर्यटकीयस्थल फेवातालमा लामो समयदेखी पानी नपर्दा तालको सतह घटेपछि ताल किनारमा देखिएको सुख्खा क्षेत्र। तस्बिर :कृष्ण दवाडी, रासस

# कुशलको शतकको सहयोगमा नेपालद्वारा नामिबिया पराजित

**रासस**
काठमाडौं, २ फागुन

आइसिसी विश्वकप क्रिकेट लिग-दुई को त्रिकोणात्मक एकदिवसीय सिरिजअन्तर्गत घरेलु मैदानमा आज भएको पहिलो खेलमा नेपाल नामिबियालाई दुई विकेटले पराजित गर्दै विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नामिबियाले नेपाललाई जितका लागि २८६ रनको विशाल लक्ष्य दिएको थियो । जवाफमा नेपालले ४७ दशमलव ४ ओभरमा आठ विकेट गुमाएर पूरा गऱ्यो।

नेपालको जितमा कुशल भुर्तेल नायक बने । उनले सर्वाधिक ११५ रनको योगदान दिए। ११३ बल खेल्दै उनले दश चौका र चार छक्काको मद्दतमा ११५ रनको योगदान दिएका हुन। भुर्तेलले एकदिवसीय अन्तर्राष्ट्रिय शृङ्खलामा पहिलो पटक शतक प्रहार गरे। यसअघि एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा उनले सर्वाधिक ८४ रन बनाएका थिए।

त्यसैगरी कप्तान रोहित पौडेलले ७२ रन बनाए भने सन्दीप जोराले २८, ज्ञानेन्द्र मल्ले २५, करण केसीले २०, कुशल मल्लले ६ तथा सोमपाल कामीले ४ रन जोडे। बलिङतर्फ नामिबियाका रुवेन ट्रम्पेलम्यान र जान निकोलले समान तीन/तीन विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नामिबियाले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै २८५ रनको योगफल बनाएको थियो । नामिबियाका लागि माइकल भ्यान लिङ्गेनले सानदार शतक प्रहार गरे। १३७ बल खेल्दै उनले पाँच छक्का र नौ चौकाको मद्दतमा १३३ रनको योगदान दिए । त्यसैगरी नामिबियाका कप्तान गेर्हार्ड इरास्मसले ५६ जोडे। जेन ग्रिनले ३४ रन बनाए भने जान फ्रिलिंकले १३ रन जोडे।

बलिङतर्फ नेपालका लागि करण केसी एक्लैले ५ विकेट लिए भने सन्दीप लामिछानेले ३ विकेट झारे । कुशल मल्ल र सोमपाल कामीले समान १/१ विकेट लिए। यसजितसँगै नेपालले २५ खेलमा २० अङ्क जोडेको छ। उक्त सिरिजअन्तर्गत अब नेपालले यही फागुन ५ गते स्कटल्याण्डसँग खेल्नेछ।

# पब्लिक फोरके टिभीको औपचारिक उद्घाटनमा 'सम्मान र सम्झनामा स्रष्टाहरु साँझ' हुने

**प्रतिक्षा पौडेल/ समिक्ष गौतम**
पोखरा, २ फागुन

गण्डकी प्रदेशका सर्जक तथा कलाकर्मीका कालजयी सिर्जनाको सम्मानार्थ पब्लिक फोरके टेलिभिजनले 'सम्मान र सम्झनामा स्रष्टाहरु' कार्यक्रम गर्ने भएको छ। टिभीको औपचारिक सुरुआत हुने दिन फागुन ७ गते उक्त कार्यक्रम गर्न लागेको हो।

पब्लिक फोरके टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुने कार्यक्रममा सुगम संगीतका चर्चित गायक राज सिग्देल, बिनोद बानिया, अजुदा थापा, सन्तोष बस्याल लगायत कलाकारको प्रस्तुति रहनेछ।

गण्डकी प्रदेशका दिवंगत स्रष्टाहरुको सम्झना तथा सम्मानमा गर्न लागिएको कार्यक्रममा झलकमान गन्धर्व, धर्मराज थापा, अलि मियाँ, सरोजगोपाल बज्राचार्य, भूपि शेरचन, माधवप्रसाद घिमिरे, कल्याण शेरचन, धनबहादुर गायक, प्रविण गुरूङ, सुन्दर थापालगायत सर्जकका कालजयी गीत प्रस्तुत हुने पब्लिक टेलिभिजनका प्रवन्ध निर्देशक मन क्षेत्रीले जानकारी दिए। कार्यक्रमको प्रत्यक्ष प्रसारण पब्लिक फोरके टेलिभिजनसहित यसैका अफिसियल युट्युब र फेसबुक पेजमार्फत पनि हुनेछ । टेलिभिजनले आफ्नो नियमित प्रशारण आरम्भ गर्दैगर्दाको अवसरमा यो कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रम होटल पोखरा ग्रान्डमा हुनेछ। प्रदेशकै पहिलो फोरके प्रविधिमा सञ्चालनमा आउन लागेको टिभीको औपचारिक उद्घाटन समारोहमा गण्डकी प्रदेशका राजनीति, कला, साहित्य, संगीत, पर्यटन, पत्रकारिता, उद्योग, खेल क्षेत्रका व्यक्ति व्यक्तित्व उपस्थित हुने क्षेत्रीले जानकारी दिए। (विद्यार्थी पत्रकार)

# 'नागरिकले अनुभूति गर्ने किसिमको सुरक्षा हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
तनहुँ, २ फागुन

नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहले आमनागरिकले सुरक्षाको अनुभूति गर्ने गरी प्रहरी सङ्गठनले सुरक्षा दिनुपर्ने बताउनुभएको छ।

जिल्ला प्रहरी कार्यालय तनहुँ परिसरभित्र नवनिर्मित भवनको आज उद्घाटन गर्नुहुँदै उहाँले जबसम्म नागरिकले सुरक्षाको प्रत्याभूति गर्न सक्दैन, तबसम्म प्रहरीको सुरक्षा राम्रो मान्न नसकिने बताउनुभयो । उहाँले भन्नुभयो, 'भरपर्दो शान्ति सुरक्षा कायम गर्न नागरिक समाजको साथ अपरिहार्य हुन्छ।'

भौतिक संरचना निर्माण पश्चात शान्ति सुरक्षा कायम गर्न, अपराध न्यूनीकरणलगायत कार्यसम्पादन गर्न सहज हुने प्रहरी



अतिरिक्त महानिरीक्षक सिंहको भनाइ थियो । प्रहरी सङ्गठन राज्यको महत्वपूर्ण अङ्ग भएको उल्लेख गर्दै उहाँले जीर्ण भवनबाट पनि प्रहरीले कार्यसम्पादन गर्दै आएको बताउनुभयो।

सङ्घीय सरकारको रु तीन करोड ४६ लाखको लागतमा उक्त भवन निर्माण गरिएको हो। भवन निर्माणका लागि न्यू डागन निर्माण सेवासित २०७६ मङ्सिरमा सम्झौता भएको थियो । यस्तै सिनियर प्रहरी अधिकृत आवास भवन रु एक करोड २६ लाखको लागतमा पब्लिक कन्स्ट्रक्सनले निर्माण गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# एसइई नतिजा सुधारका लागि परिचालन भए शिक्षण सहजकर्ता र सहयोगी

**रासस**
काठमाडौं, २ फागुन

काठमाडौंमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको एसइई नतिजा सुधार गर्न शिक्षण सहजकर्ता र सहयोगी गरी ४३ जना परिचालन गरेको छ।

एसइई नतिजा सुधार गर्नकै लागि कामपाले अनिवार्य पाँच विषयका लागि १८ जना विषयगत शिक्षण सहजकर्ता नियुक्त गरी काममा विद्यालयमा पठाएको हो । त्यसैगरी शिक्षण सहयोगीका रूपमा २५ जना परिचालन गरेको जनाएको छ। यसका लागि कामपाले गत माघ ४ गते सार्वजनिकरूपमा विज्ञापन माग गरेको थियो।

उक्त विज्ञापनको आधारमा दरखास्त परेकामध्येबाट कामपाले १८ जनालाई सहजकर्ताको रूपमा नियुक्त गरेको र २५ जनालाई सहयोगीको रूपमा नियुक्त गरी विद्यालयमा परिचालन गरिएको कामपाको शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले जानकारी दिनुभयो । "सहजकर्ताका लागि आवश्यकता सङ्ख्या २५ रहे पनि मागअनुसार योग्यता पुगेका उम्मेदवार १८ जना मात्र रहेकाले प्रक्रिया पुऱ्याएर उहाँहरूलाई काममा खटाइएको हो", प्रमुख सुवेदीले भन्नुभयो । उहाँका अनुसार यस वर्ष एसइईमा सहभागी विद्यार्थीको सिकाइमा सहयोग पुगोस् भन्ने उद्देश्यले कामपामा सञ्चालित ५९ माध्यमिक तहका विद्यालयमा अनिवार्य पाँच विषयका लागि अनुभवी विज्ञ सहजकर्ता नियुक्त गरिएको हो । शिक्षण सहजकर्ताका लागि विश्वविद्यालयका प्राध्यापक, मावि शिक्षक वा अधिकृतस्तरबाट अनिवार्य अवकास भएका सम्बन्धित विषयका विज्ञ वा विभिन्न सङ्घसंस्थामा काम गरेको कम्तीमा १० वर्षको अनुभव भएका व्यक्ति रहेका छन्।

सहजकर्ता अनिवार्य विषय गणित, विज्ञान, अङ्ग्रेजी, सामाजिक र नेपाली विषय अध्यापन गराउन प्रत्येक विषयका लागि पाँच/पाँच जना आवश्यक भए पनि सोहीअनुसारको सङ्ख्या प्राप्त नभएको कामपाको भनाइ छ।

दुई महिनासम्मका लागि नियुक्त गर्न लागिएको शिक्षण सहजकर्ताका लागि कामपाले मासिक रु ३७ हजार पाँच सय पारिश्रमिक उपलब्ध गराउने छ।

त्यसैगरी शिक्षण सहयोगीका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा दुई वर्ष शिक्षण अनुभव भएको व्यक्ति हुनुपर्नेछ । सहयोगीका लागि पारिश्रमिक रु १५ हजार तोकिएको छ । हाल कामपामा ८९ सामुदायिक विद्यालय छन् । त्यसमा ५९ माध्यमिक विद्यालय र ३० प्राथमिक विद्यालय रहेका छन् । ती विद्यालयमा ५२ हजार विद्यार्थीले अध्ययन गर्दछन्। त्यसैगरी पाँच सय ४० निजी विद्यालयमा एक लाख ५० हजार विद्यार्थी अध्ययनरत रहेका छन। यस वर्ष कामपाको सार्वजनिक विद्यालयबाट एसइई परीक्षामा चार हजार विद्यार्थी सहभागी हुने भएका छन्।

कामपाले पहिलोपटक सुरु गरेको यस कार्यक्रमको प्रभावकारितालाई हेरी आगामी वर्ष थप विस्तार गर्ने तयारी कामपाको रहेको छ। निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा एसइई नतिजा राम्रो नभए पनि कामपाले अनिवार्य विषयका लागि सहयोगीकारूपमा शिक्षक नियुक्त गरी नतिजा सुधार गर्ने प्रयास गरेको हो । यस वर्षको एसइई परीक्षा आगामी चैत १७ गतेदेखि सञ्चालन हुने तालिका सार्वजनिक भइसकेको छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# कांग्रेसको अलोकतान्त्रिक चरित्र

लोकतान्त्रिक मुलुकमा सरकारलाई सहि बाटोमा हिंडाउने काम सशक्त प्रतिपक्षले सक्छ । सरकारको काम कार्वाही देश र जनताको अहितमा छ भने त्यसको सशक्त प्रतिवाद गर्ने प्रतिपक्षले हो । शासक स्वेच्छाचारी हुँदा, संविधानका मर्यादा विपरीत जाँदा उसलाई सांसदभित्रबाट या बाहिर सडकबाट जनताको बलले नङ्ग्याउने गरिन्छ । शासकलाई जबाफदेही बनाउने या परी आउँदा संसदीय र संवैधानिक प्रक्रियाबाट सत्ताच्यूत गर्ने दायित्व प्रमुख प्रतिपक्षकै हो । बहुदलीय लोकतन्त्रमा प्रतिपक्ष शासक या सत्ताधारी पक्ष भन्दा बढ्ता जनउत्तरदायी मानिने गर्दछ । संसदमा प्रमुख प्रतिपक्षीले खेल्ने भूमिकालाई लिएर सदन प्रतिपक्षीको हो भन्ने गरिन्छ । बीस २०४८ को संसदमा नेकपा एमाले प्रमुख प्रतिपक्षी दल थियो । कांग्रेसले एकल बहुमतको सरकार चलाएको थियो । त्यसबेलाको संसदमा एमालेले खेलेको भूमिकालाई सभामुख दमननाथ ढुङ्गानाले सदन प्रतिपक्षीको हो भन्ने गर्दथे ।

संसदीय व्यवस्थामा प्रतिपक्ष भनेको केवल प्राविधिक कुरा मात्रै होइन, राजनीतिक कुरा पनि हो । संसदीय अभ्यासको पूर्णता विपक्षी दलको अर्थपूर्ण सहभागिता र योगदानमा निर्भर गर्दछ । संसदीय लोकतन्त्रमा प्रतिपक्ष विनाको संसद्को परिकल्पना नै गरिँदैन । प्रतिस्पर्धी बहुदलीय राजनीतिमा सत्तामा रहेका दलले नीति, योजना र कार्यक्रमहरू आफ्नो दलको चुनावी घोषणापत्र या न्युनतम साझा कार्यक्रममा आधारित भई तर्जुमा र कार्यान्वयन गर्ने अवसर प्राप्त गर्दछन् । तर विपक्षी दलहरू सरकारका नीति, कार्यक्रम, योजना आदिका बारेमा खुला आलोचना गर्न स्वतन्त्र हुन्छन् ।

संख्याको हिसाबले प्रतिपक्षमा धेरै नहोला तर सरकारको स्वच्छ्याचारीता, गलत कदम विरुद्ध आवाज उठाएर सदनलाई जीवन्तता प्रदान गर्ने काम प्रतिपक्षले मात्र गर्न गर्दछ । सरकारले गलत गरेमा वा जनताप्रति सरकार बफादार नभएमा, सरकार भ्रष्टाचारमा लिप्त भएका वा निर्वाचनको सन्दर्भमा गरेका प्रतिबद्धताबाट सरकार च्युत भएमा हदसम्मको दबाब सिर्जना गर्ने, मुलुकलाई सुशासनको बाटोमा हिंडाउने दायित्व प्रतिपक्षमा रहेका दलको काँधमा हुने गर्दछ । अझ प्रतिपक्षी दलले सरकार बाहिर रहेको समयको सदुपयोग गर्दै सीमान्तकृत, कमजोर, पछि परेका मतदाताहरुसँग सम्पर्क गरी उनीहरुलाई अधिकार दिलाउन पहलकदमी लिन सक्छ ।

मुलुकको सबैभन्दा ठुलो दल काँग्रेसले प्रतिपक्षी दायित्व भुल्नु वा वहन गर्न खुट्टा कमाउनु भनेका संसदीय व्यवस्थाको उपहास हो ।सरकारका अलोकतान्त्रिक र असान्दर्भिक निर्णयको विरोध गर्न नसक्नु काँग्रेसमा संसदीय आचरण पनि बाँकी नरहनु हो । राष्ट्रपतिपति या उपराष्ट्रपति एक पदको बार्गेनिङका लागि कांग्रेसले प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डसँग विश्वासको मत साटेर काँग्रेसले पाएको जिम्मेवार प्रतिपक्षीको अवसर गुमाउदै गएको छ । काङ्ग्रेसको अवसरवादी र पदलोलुप राजनीतिक चरित्र उदाङ्गो हुँदै गएको छ। आफूलाई लोकतन्त्रको हिमायती भन्ने काग्रेंसले राष्ट्रपतिको लोभमा लोकतान्त्रिक र संसदीय मूल्य र मान्यतालाई तिलाञ्जली दिनु संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने काम मात्र हो ।

# मायालु डाँडामा युवायुवतीको भीड

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ फागुन

भ्यालेन्टाइन डे' अर्थात् प्रणय दिवसका अवसरमा आज म्याग्दीको सदरमुकाम बेनीबजारदेखि करिब आधा घण्टाको दूरीमा रहेको मायाँलुडाँडा (लम्लीहिल) मा तन्नेरीको भीड लागेको छ । माया गर्ने जोडीका लागि उत्कृष्टस्थल मानिएको बेनी नगरपालिका-२ खबरामा अवस्थित मायाँलुडाँडामा आज बिहानैदेखि युवायुवतीको भीड लागेको स्थानीय चन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो ।

"मायालुडाँडामा अघिपछिको तुलनामा केही दिनयता युवायुवतीको आगमन बढेको छ," उहाँले भन्नुभयो,"आज यहाँ प्रेमिल माहोल देखिएको छ ।"तीन दिनयता म्याग्दी, बागलुङ, पर्वतका साथै म्याग्दी भ्रमणमा आएका विभिन्न जिल्लाका तीन सयभन्दा बढी युवायुवती यहाँ आएर रमाउनाका साथै प्रेम साटासाट गरेका लम्लीहिल खाजा घर तथा किराना पसलका सञ्चालक नारायण कार्कीको भनाइ थियो । केही दिनयता लम्लीहिलमा आउने युवायुवतीले गुलाबको फूलका साथै विभिन्न किसिमका उपहार बोकेर आउने गरेका र एकापसमा माया साटासाट गर्ने, अङ्कमाल गर्नेलगायत दृश्य देखिने गरेको अर्का स्थानीयवासी देवबहादुर घिमिरेले बताउनुभयो । पहिला खाजाका विभिन्न परिकार बोकेर आउने युवायुवतीले 'भ्यालेन्टाइन डे'को माहोल सुरु भएपछि भने गुलाब र विभिन्न जातका फूल एकापसमा साटासाट गरेका दृश्य देखिने गरेको लम्भीहिल हरितपार्क निर्माण समितिका अध्यक्ष हरिलाल घिमिरेले जानकारी दिनुभयो । "विभिन्नआधुनिकपोसाकमासजिएर वाइक, स्कुटीलगायत सवारी साधनमा यहाँ आउने युवायुवतीको सङ्ख्या पहिलेको तुलनामा केही दिनयता अधिक देखिन्छ" उहाँले भन्नुभयो "युवायुवतीको सङ्ख्या वृद्धिसँगै यहाँका कृषि उपज र फलफूलको पनि व्यापार बढेको छ ।" लम्लीहिलमा रेलिङ, गोलघर, खाजाघरलगायत पूर्वाधार निर्माण गरिएपछि पर्यटकको आकर्षण बढ्दै गएको हो । साविकको ज्यामरुककोट गाविसमा पर्ने खबरा गाउँ नजिकै रहेको 'खाराको डाँडो' अहिले लम्लीहिल बन्न पुगेको हो ।

लम्लीहिलबाट चारैतिरको दृश्य अवलोकन गर्न सकिने र गर्मीयाममा शीतलताको खोजीमा मानिस आउने गरेको स्थानीयवासीको भनाइ छ । पहिले केही सीमित मानिस पुग्ने ठाउँ पछिल्लो पटक लम्लीहिल बनेपछि समूह-समूह बनाएर दैनिकरूपमा युवा पुस्ता पुग्ने गरेका छन् । बेनीदेखि आधा घन्टाको दूरीमा रहेको लम्लीहिलबाट बेनीबजार, गलेश्वर, पौलस्त्य आश्रम, पुलाचौर, भकिम्लीको स्वर्गाश्रम, पर्वत बेनी र मल्लाजलगायत क्षेत्र देख्न सकिन्छ । यसैगरी म्याग्दी जिल्लाको अधिकांश भागका साथै उत्तरी पर्वतको जलजला गाउँपालिकासहित संसारको सातौँ अग्लो चुचुरो धौलागिरि, अन्नपूर्ण हिमाल तथा सूर्योदय र सूर्यास्तसमेत अवलोकन गर्न पाइन्छ । बेनीबजार आसपासका क्षेत्रबाट बग्ने म्याग्दी र कालीगण्डकी नदीको बहावलगायत पनि दृष्य अवलोकन गर्न सकिन्छ ।

# भेटीबाट सडकबत्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ फागुन

म्याग्दीको बेनी नगरपालिका-९ मा रहेको गलेश्वर मन्दिरमा भक्तजनले चढाएको भेटीबाट सडकबत्ती जडान गरिएको छ ।

गलेश्वर बजारको २.५ किलोमिटर सडक र मन्दिर परिसरमा सोमबार ५५ सडकबत्ती जडान गरिएको हो । गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले मन्दिरमा भक्तजनले चढाएको भेटी परिचालन गरेर सडकबत्ती राखिएको जानकारी दिनुभयो ।

सडकबत्ती जडान गर्न कुल रु दुई लाख ३० हजार सात सय ५० खर्च भएको उहाँले जानकारी दिनुभयो । स्थानीयवासी, म्याग्दी र मुस्ताङ जाने पर्यटकलाई रातका समयमा पैदल र सवारीसाधनमा आवतजावतका लागि सहज भएको छ । "गलेश्वर मन्दिरमा भक्तजनले चढाएको भेटीबाट बत्ती जडान गरिएको छ", अध्यक्ष रेग्मीले भन्नुभयो, "मर्मत र विद्युत् महसुल पनि मन्दिरको आम्दानीबाट व्यवस्थापन गर्छौं ।" सडकबत्तीले बजारलाई उज्यालोका साथै सुरक्षित बनाउन सहयोग पुगेको स्थानीयवासी बमबहादुर पुनले बताउनुभयो । गलेश्वर मन्दिरमा भक्तजनले चढाएको भेटी पुजारी, कर्मचारीको तलब, संस्कृत विद्यालय, ज्येष्ठ नागरिक आश्रम सञ्चालन र पूर्वाधार निर्माणमा परिचालन हुँदै आएको छ । भेटी, महायज्ञबाट सङ्कलन तथा तीर्थयात्रीले दिएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब रु १० करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको छ । गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिकरूपमा गनेर सार्वजनिक गर्ने गरिएको छ । कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि रहेको गलेश्वरलाई पश्चिमको पशुपतिनाथ र मुक्ति क्षेत्रको प्रवेशद्वारका रूपमा चिनिन्छ ।

साउन महिनाको सोमबार, बालाचर्तुदशी, महाशिवरात्रि पर्वमा विशेष मेला लाग्ने गलेश्वरमा दैनिक पूजाआजा हुन्छ । गलेश्वरमा पूजाआजा र दर्शन गर्नाले पुण्य मिल्नुका साथै मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ ।

# गलकोटलाई बालमैत्री नगर घोषणा गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २ फागुन

बागलुङ जिल्लाको गलकोट नगरपालिका बालमैत्री नगर घोषणाको अन्तिम चरणमा पुगेको छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भएका ५१ सूचक पूरा गर्दै नगरपालिकाका ११ वटै वडा बालमैत्री वडा घोषणाका लागि नगरपालिकाले उपल्लो तहमा सिफारिस गरिसकेको छ । बालमैत्री नगर घोषणासँगै जिल्लाको १० पालिकामध्ये पहिलो बालमैत्री पालिका गलकोट हुनेछ । नगरपालिकाले यही फागुनभित्रै बालमैत्री नगरपालिका घोषणा गर्नका लागि ११ वटै वडामा बालमैत्री वडा घोषणाका लागि आवश्यक ५१ सूचक पूरा गरेर जिल्ला समन्वय समितिमा पठाइएको गलकोट नगरपालिकाले जनाएको छ । गलकोटले बालमैत्री नगरपालिका घोषणाका लागि २०७७ मङ्सिरबाट सूचक पूरा गर्नका लागि आवश्यक पूर्वाधार र अभिमुखीकरणलगायतका काम थालेको थियो ।

नगरपालिकाले दुई वर्षदेखि ११ वडामै सहजकर्ता र एक अधिकृतस्तरको कर्मचार ीसमेत खटाएको थियो ।

नगरपालिकाले बालमैत्री नगरपालिका घोषणाका लागि आवश्यक शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधारलगायतका सूचक पूरा गरेर प्रमाणीकरणका लागि जिल्ला समन्वय समितिमा पठाइएको गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो ।

"नगरपालिकाले दुई वर्षदेखि अथक प्रयास गरेर नगरलाई बालमैत्री नगरपालिका घोषणाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भएका सबै सूचक पूरा गरेका छौँ", उहाँले भन्नुभयो, "स्वास्थ्यका सबै सूचकामा शतप्रतिशत नतिजा हासिल भइसकेको छ, शिक्षा, खानेपानी, बालविवाह, मालमैत्री संरचना, स्तनपान कक्ष, सार्वजनिक शौचालय तथा बालमैत्री पार्कको समेत व्यवस्थापन भइरहेको छ, केही पुराना संरचना बालमैत्री छैनन्, सुधार गर्न सकनेलाई बालमैत्री बनाइयो, नगरपालिकाले नयाँ निर्माण गर्ने संरचना बालमैत्री बन्ने गरी नक्सा पास गर्ने गरेको छ, बालविवाह अन्त्यका लागि सेचतनामूलक कार्यक्रम गरिरहेका छौँ ।" नगरप्रमुख गैरेका अनुसार जिल्ला समन्वय समितिका प्रमुख संयोजक रहेको जिल्लास्तरीय बाल कल्याण समितिले नगरपालिकाका विभिन्न वडाको अनुगमन गरिसकेको छ । नगरपालिकाले बालमैत्री नगरपालिका घोषणाका लागि लगानी सम्मेलन, वडास्तरमा बाल सञ्जाल गठन, विद्यालय, अस्पताल, वडा कार्यालय, प्रहरी चौकी तथा सामाजिक सङ्घसंस्थालाई बालमैत्री बनाइसकेको छ । नगरपालिकाले यसका लागि हालसम्म रु दुई करोड ५० लाख रकम खर्च गरिसकेको छ । जिल्लास्तरीय समितिले निर्णयपश्चात गण्डकी प्रदेशस्तरीय समितिले अनुमोदनपश्चात बालमैत्री वडा घोषणा हुने छ । बालमैत्री वडा घोषणाका लागि नगरपालिकाले पठाएको ११ वटै वडाको सूचकको प्रतिवेदनका आधारमा अनुगमन गरिसकेको र २२ सामान्य बुँदामा सुझाव पेस गरिसकेको जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले बताउनुभयो ।

"अनुगमनका क्रममा धेरै सूचक पूर्णरूपमा पूरा भएको र केही सूचक मापदण्डअनुसारका पाइयो, कतिपय सूचक यस्ता छन् जुन तत्कालै गर्न र देख्न सम्भव छैनन्, जसलाई नगरपालिकाले निरन्तररूपमा बजेट विनियोजन गरेर कार्यक्रम गर्दै जानु पर्दछ", उहाँले भन्नुभयो, "मुख्य कुरा भौगोलिक समस्याका कारण केही विद्यालयमा बालमैत्री संरचना बनाउनसमेत समस्या छ, भिरालो जग्गा छ यो गलकोटको मात्र समस्या हैन, कतिपय सूचक विस्तारै शतप्रतिशत पूरा हुने गरी काम भइरहेको देखियो, अनुगमनपश्चात २२ बुँदे सुझाव पेस गरेका छौँ । जसमध्ये नगरपालिकाले तत्कालै चार-पाँच सूचकलाई थप प्रमाणीकरण गर्ने देखिएको छ, पुनः सुझाव कार्यान्वयनमा आएपछि अझै एकपटक अनुगमन गरेपछि मात्रै घोषणाका लागि अनुमति दिन्छौँ ।" गलकोट नगरपालिका फागुनभित्रै बालमैत्री नगरपालिका घोषणा भएमा गण्डकी प्रदेशको चौथो बालमैत्री पालिका र साविक धवलागिरि अञ्चलको पहिलो पालिका हुनेछ ।

बालमैत्री नगरपालिका घोषणपश्चात नगरपालिकाले बालमैत्री नगरपालिका कायम गर्नका लागि निरन्तर बजेट विनियोजन तथा कार्यान्वयन गर्दै लैजानुपर्ने शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कुशमराज उपाध्यायले जानकारी दिनुभयो । उहाँका अनुसार बालमैत्री नगरपालिका घोषणापश्चात थुप्रै मानव विकासका कार्य गर्न सकिने र यसलाई प्रभावकारी बनाउनका लागि हाल पूरा भएका सूचकले सहयोग पुऱ्याउनेछन् ।

नगरपालिकाले चुनौतीपूर्ण सूचक तथा मापदण्ड पूरा गर्दै बालबालिकाको अधिकारलाई स्थानीय नीति, नियम, कार्यक्रम र बजेटमा निरन्तर समावेश गर्दै आएको अनुगमनका क्रममा पाइएको जिल्ला समन्वय अधिकारी कृष्णराज गौतमले जानकारी दिनुभयो । बालबालिकाको शिक्षा, स्वास्थ्य, पूर्णखोप, स्तनपान, पोषण, बालविवाह, बालसहभागिता, बालमैत्री भौतिक संरचना, सामाजिक क्रियाकलापमा बाल सहभागिता र बालश्रमको अन्त्यलगायतका ५१ सूचक पूरा गरेमा नगरपालिका बालमैत्री घोषणा गर्न मिल्ने राष्ट्रिय मापदण्ड रहेको छ ।

# सिमेन्ट उत्पादन बन्द

**रासस**
काठमाडौं, २ फागुन

सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगबाट सिमेन्ट उत्पादन बन्द भएको छ । उद्योग सञ्चालनका लागि आवश्यक कोइला अभावमा उत्पादन बन्द भएको हो ।

कोइला आपूर्तिका लागि बोलपत्र आह्वान भइसकेको उद्योग व्यवस्थापनको भनाइ छ । उद्योगले प्रथम र दोस्रो चरण गरी १० हजार मेट्रिक टन कोइला आयात गर्ने योजना बनाएको छ । उद्योगका नायव महाप्रबन्धक नवीन कर्णले सिमेन्ट उत्पादनका लागि आवश्यक कोइलाको व्यवस्थापनमा लागेको र एक हप्ताभित्र कोइला आपूर्ति भई सिमेन्ट उत्पादन सुरु हुने दाबी गर्नुभयो । कोइला भारत, इन्डोनेसिया र भुटान तथा पाकिस्तानबाट आयात हुनेछ । लामो समय बन्द भएको उद्योग तीन महिनाअघि मात्रै फेरि सञ्चालनमा आएको उद्योग अहिले फेरि बन्द भएको हो । दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भए पनि पुरानो मेसिनरी समस्या र जनशक्ति अभावमा सो अनुसार उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योग विगत चार वर्षदेखि घाटामा छ । उद्योग विसं २०३३ मा एशियाली विकास बैंकको सहयोगमा स्थापना भएको थियो ।

## घरनिर्माणका लागि संधियारको नाउँमा जारी गरिएको सूचना

मिति : २०७९/११/०२

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २६ अर्घौ चोक हिमचुली मार्ग टोलमा साविक अर्घौ ९, हाल पोखरा महानगरपालिका वडा नं. २६ मा पर्ने कि.नं. ९४२ क्षेत्रफल ०–६–१–३ को आफ्नो हक भोगको जग( गामा पोखरा महानगरपालिका वडा नं. ११ निवासी राम वहादुर गुरुङले घर निर्माण गर्न लाग्नु भएको र मिति २०७९/१०/१६ मा संधियारको नाउँमा १५ दिन सूचना जारी भई वडा कार्यालयबाट सर्जमिन मुचुल्काका लागि फिल्डमा जाँदा दक्षिण तर्फ कि. नं. २९४३ का संधियार नभेटिएकाले दक्षिण तर्फका संधियार तपाईलाई निज रामवहादुर गुरुङले घर निर्माण गर्दा बाधा अड्चयारो पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वडा कार्यालयमा सम्पर्क गर्न सूचना गरिएको छ ।

**पोखरा महानगरपालिका**
**वडा नं २६, अर्घौ**
**फोन: ०६१-५६३५९०**
९८११४८९६८५ (**घर निर्माण गर्ने राम बहादुर गुरुङ**)

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## नामथर र जन्ममिति फरक परेको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं १० निवासी भारतीय आसाम राइफल भू.पु सैनिक नं. ११०४९८ का सुबेदार विन सुवा गुरुङको श्रीमती चीज माया गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चिज माया गुरुङ जन्ममिति वि.सं. २००४ भएको र पतिको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर चिन्जा माया गुरुङ (Chinja Maya Gurung) जन्ममिति इ.सं. १९४९/०७/०१ भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति एउटै भएको व्यक्ति एउटै भएको व्होरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त जिल्ला प्रशासन कार्यालय, कास्कीको च. नं. ३०६५ मिति २०७८/०८/०८ को पत्रबाट लेखी आएकोले सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

# पोखरा महानगरमा अझै कायम छ कटुवाल प्रथा

-धनबहादुर गुरुङ
कास्की, २ फागुन (रासस)

विगतमा नेपालमा आमसञ्चारका लागि कटुवाल प्रथा निकै उत्तम माध्यम थियो । कटुवालले दिएको सूचनाका आधारमा गाउँले भेला हुने र सो आवाजअनुसार उनीहरूले अन्य धेरै काम गर्दथे । अहिले सेटेलाइट र इन्टरनेटको प्रयोगका कारण आमसञ्चार क्षेत्रमा पनि निकै परिवर्तन आइसकेको र नेपाली परम्परागत रैथाने सञ्चार प्रणाली धेरै गाउँबाट बिस्तारै हराउन थालेको छ ।

लोप हुने अवस्थामा रहेको कटुवाल प्रथा भने पोखरा महानगरपालिका-१६ अर्मलाकोट गाउँमा अझै कायमै छ । यहाँका डिलप्रसाद जैसीले यो काम गरिरहनुभएको छ । छयत्तर वर्षका उहाँको स्वरमा ठिटोको जस्तो दम छ । कटुवाल जैसीको आवाजले अर्मलाकोटका ७० घर परिवारको कान ठाडो ठाडो हुन्छ । उहाँको आवाज गुन्जिएपछि गाउँलेहरूले गाउँमा के नयाँ काम हुन थाल्यो भनेर कान थापेर सुन्छन् । गाउँमा कोही नयाँ पाहुनाको उपस्थित हुँदा होस् या भेला बैठक र सरसफाइको कार्यक्रममा सूचना पुऱ्याउने काम जैसी नै गर्नुहुन्छ । उहाँको कामलाई अर्मलाकोटमा 'घोक हाल्ने' भनेर बुझिन्छ । पछिल्लो समयमा त्यस गाउँको होमस्टेमा पाहुना जाँदा जैसीको दिन गाउँका अधिकांश डाँडाकाँडा दगुर्दैमा बित्छ । "गाउँ अलि धेरै क्षेत्रमा फैलिएकाले एक ठाँउबाट मात्र घोक फिराउँदा नसुनिएला कि भनेर तीन ठाउँमा गएर घोक हाल्छु", उहाँ भन्नुहुन्छ, "गाउँमा हुने भेला, सार्वजनिक कार्यक्रम, बैठक, असिना पर्दा, विवाह हुँदा, मानिसको मृत्यु हुँदा घोक हाल्ने हो ।" यो गाउँ सूचनाको पहुँचबाट भने टाढा छैन । सञ्चारका सबै सुविधा भए पनि चलिआएको परम्परा कायमै रहँदा जैसीलाई भ्याइनभ्याइ भएको हो । गाउँलेले कटुवालको कामका लागि छनोट गरेकाले उहाँले विगत पाँच वर्षदेखि यो काम थाल्नुभएको हो । "मभन्दा पहिला शेरबहादुर परियारले यो काम गर्थ्यो", कटुवाल भन्नुहुन्छ, "उसले के बेझमान गरेछ अनि मैले नै गर्न थालेको हुँ । शेरबहादुरभन्दा पहिला पनि मैले नै गर्थें ।"

अर्मलाकोटमा रेडियो, टिभी अनि मोबाइल भए पनि कटुवालले घोक हालेपछि आफूहरूलाई विश्वास लाग्ने स्थानीय देउसरी गुरुङ बताउनुहुन्छ । "गाउँमा बैठक भयो भने फोन त आउँछ तर कटुवालले सुनाएपछि बल्ल ढुक्क हुन्छु," उहाँ भन्नुहुन्छ । गाउँमा पाहुना आएपछि सबैलाई फोन गरिराख्नुभन्दा कटुवाल घोकाउँदा सजिलो हुने अर्मलाकोट होमस्टेकी अध्यक्ष बबिता गुरुङको भनाइ छ । सूचना र प्रविधिको युगमा धेरै स्रोत साधन भए पनि परम्परादेखि चल्दै आएको चलनलाई जोगाएर राख्नुपर्ने उहाँको तर्क छ ।

जैसीभन्दा अगाडि शेरबहादुर परियार, सिंहबहादुर परियार, काजीमान नेपाली र कृष्णबहादुर परियारले कटुवालको काम गरिसकेको कटुवाल जैसी जानकारी दिनुहुन्छ । "गाउँमै कटुवालको काम गर्न पाउँदा उहाँलाई पनि खुसी लागेको छ । नजिकका अरू गाउँमा कटुवाल प्रथा छैन । यो प्रथालाई जोगाएर राख्नुपर्छ भनेर लागेको छु", जैसी भन्नुहुन्छ, "तर परिश्रमिकमा भने आफ्नो चित्त बुझेको छैन ।"

कटुवाल घोकेबापत जैसीले प्रत्येक घरबाट दिने दुई पाथी कोदो बाली उठाउनुहुन्छ । सत्तरी घरबाट कोदो उठाउँदा करिब सात मुरी कोदो जम्मा हुन्छ । दुई छोराहरू बजार झरे पनि आफू र श्रीमती पालिन यसले नपुग्ने गरेको उहाँको गुनासो छ । जैसी भन्नुहुन्छ, "सात मुरी कोदोले पुग्न त पुग्छ नि तर कोदो मात्र खाएर भएन तरकारी कताबाट ल्याउने ?", कटुवाललाई प्रथाको रूपमा नराखेर अब पेसा बनाउनुपर्नेमा उहाँको जोड छ । वडाबाट केही सहयोग भयो भने यो पेसा पनि जोगिने र आफूलाई पनि जीविकोपार्जनमा सहयोग पुग्ने जैसीको भनाइ छ ।

पोखरा महानगरभित्र रहेको कटुवाल प्रथा जोगाउने पक्षमा गाउँवासी रहे पनि वडा कार्यालयबाट अहिलेसम्म कुनै योजना नबनाइएको पोखरा-१६ का अध्यक्ष अमृत शर्मा तिमिल्सिना बताउनुहुन्छ । "यो एउटा संरक्षण गर्नुपर्ने प्रथा हो, दूरदराजका ठाउँमा टेलिफोनको सबै सुविधा पनि सबैसँग छैन", वडाध्यक्ष तिमिल्सिना भन्नुहुन्छ, "हिजोको प्रथा जोगाउने कि परिमार्जन गर्ने भन्ने सवाल उठेको छ ।" कटुवालजस्तै अन्य प्रथा पनि महानगरभित्र रहेकाले ती प्रथा खोजी गर्दै महानगर कार्यालय नै संरक्षणमा लाग्नुपर्ने उहाँको भनाइ छ । "धेरै ठाउँमा यस्तो प्रथा देख्ने पाईदैन । यसलाई जीवन्त राख्न सकियो भने हाम्रो परम्परा धानिन्छ", वडाध्यक्ष तिमिल्सिना भन्नुहुन्छ, "अहिलेको पुस्ताले त धानिरहेको छ । अब आउने पुस्ताले यो काम गर्छ कि गर्दैन भन्ने चुनौती पनि छ ।"

# अन्तरविद्यालय बास्केटबल रनिङशिल्ड सुरु

पोखरापत्र संवाददाता
तनहुँ, २ फागुन

तनहुँको दमौलीमा अन्तरविद्यालय बास्केटबल रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ । हैरान्स क्लबको आयोजनामा सोमबारदेखि व्यास नगरपालिका-३ मा प्रथम अन्तरविद्यालय रनिङशिल्ड बास्केटबल प्रतियोगिता सुरु भएको हो । प्रतियोगिताको पहिलो दिन १० खेल सम्पन्न भएको छ । छात्रतर्फ छ र छात्रातर्फ चार खेल सम्पन्न भएको खेल संयोजक उज्ज्वल भट्टराईले जानकारी दिनुभयो ।

छात्रतर्फ सत्यवती मावि र निर्मल माविबीच भएको खेलमा सत्यवती, बाराही कलेज र पराशर कलेजबीच भएको खेलमा बाराही, कन्काई एकेडेमी र आदिकवि भानुभक्त क्याम्पसबीच भएको खेलमा आदिकवि, सत्यवती मावि र दमौली कलेजबीच भएको खेलमा सत्यवती, व्यास बोर्डिङ र निर्मल माविबीच भएको खेलमा व्यास बोर्डिङ, व्यास बोर्डिङ र दमौली कलेजबीच भएको खेलमा व्यास बोर्डिङ विजयी भएको छ । छात्रातर्फ पराशर कलेज र दमौली कलेजबीच भएको खेलमा पराशर, सत्यवती मावि र बाराही कलेजबीच भएको खेलमा सत्यवती, बाराही कलेज र व्यास बोर्डिङबीच भएको खेलमा बाराही र व्यास बोर्डिङ र निर्मल माविबीच भएको खेलमा व्यास बोर्डिङ विजयी भएको छ ।

खेलमार्फत पर्यटन प्रवर्द्धन र बास्केटबल खेलाडी उत्पादन गर्ने उद्देश्यसहित बास्केटबल प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष रविन पौडेलले बताउनुभयो । पछिल्लो समय जिल्लामा बास्केटबल खेलतर्फ आकर्षण बढ्न थालेकाले विद्यालयस्तरदेखि नै विद्यार्थीलाई बास्केटबलप्रति रुचि बढाउन प्रतियोगिता आयोजना गरिएको पौडेलको भनाइ छ । प्रतियोगिताको शुभारम्भ गर्दै व्यास-२ का वडाध्यक्ष काशीराम श्रेष्ठले बास्केटबलको राम्रो सम्भावना रहेकाले अनुशासित भई कला प्रदर्शन गर्न आग्रह गर्नुभयो । क्लबका सल्लाहकार एवं वडा सदस्य सुरेश वाग्लेले बास्केटबलको सम्भावना भएकाले केही समय अगाडिमात्रै व्यास नगरपालिकाले राष्ट्रपति रनिङशिल्डमा बास्केटबल खेललाई समावेश गरेको बताउनुभयो । मङ्गलबारसम्म सञ्चालन हुने प्रतियोगितामा छात्रतर्फ आठ र छात्रातर्फ छ विद्यालयको सहभागिता रहेको खेल संयोजक भट्टराईले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुने विद्यालयले रनिङशिल्ड ट्रफी प्राप्त गर्नेछ । प्रतियोगितामा छात्रतर्फ निर्मल माध्यमिक विद्यालय, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कुल, दमौली कलेज, आदिकवि भानुभक्त क्याम्पस, कन्काई एकेडेमी, पराशर कलेज र बाराही कलेजको सहभागिता छ । छात्रातर्फ बाराही कलेज, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कुल, निर्मल माध्यमिक विद्यालय, दमौली कलेज, पराशर कलेज र कन्काई एकेडेमी बोर्डिङ स्कुलको सहभागिता छ ।

# म्याद सकिन लाग्दा पनि दुई जिल्ला जोड्ने पुलको काम सुरु भएन

रासस
बागलुङ, २ फागुन

बागलुङमा ठेकेदार कम्पनीको लापरबाहीका कारण धेरै साना तथा ठूला योजना समयमै सम्पन्न हुन सकेका छैनन् । योजना समयमै सम्पन्न नहुँदा स्थानीयवासी मर्कामा पर्दै आएका छन् ।

जिल्लाको जैमिनी नगरपालिका-६ अर्जेवा, सुस्ता र पर्वतको फलेबास जोड्ने मोटरेबल पुल निर्माणको लागि सम्झौता भएको दुई वर्ष पूरा सक्यो तर अहिलेसम्म काम भएको छैन ।

तीस महिनामा पुल निर्माण गरी सक्ने ठेक्का पाएको क्याराभान जेभीले समय अवधि सकिन लाग्दा पनि काम सुरु गर्न सकेको छैन । पुल निर्माणका लागि २०७७ कात्तिक महिनामा सम्झौता गरिएको थियो । एघार मिटर चौडाइ र ११० मिटर लम्बाइ रहेको पुल निर्माणका लागि रु १४ करोडमा ठेक्का सम्झौता भएको थियो । आगामी वैशाखमा सम्झौता अवधि सकिँदैछ ।

काम सुरु गर्ने ढिला गर्ने ठेकेदारले पुल बनाउँछ भनेमा स्थानीयवासी कत्ति पनि विश्वस्त छैनन् । पुल निर्माण सक्ने अवधिमा कम्पनीले बनाएको पुलको डिजाइन मात्र बल्ल स्वीकृत भएको छ । समयमै पुल निर्माण भएमा बागलुङको दक्षिण जैमिनी र बरेङका नागरिकलाई गण्डकी प्रदेशको राजधानी पोखरा पुग्ने मोटरबाटोको दूरी छोटो हुनेछ । काममा ढिलासुस्ती गर्ने ठेकेदारलाई कारबाही हुनुपर्ने स्थानीयवासीको माग छ । स्थानीय मिलन क्षेत्री समयमै पुल नबन्दा स्थानीयवासीले सास्ती खेप्नु परेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'यो पुल दक्षिण बागलुङको 'लाइफलाइन' का रूपमा छ, यहाँ पुल बन्यो भने पर्वतको फलेबास-कार्कीनेटा हुँदै पोखरा पुग्ने सडकको दूरी छोटिनेछ, पुल बन्यो र सडक राम्रो भयो भने अर्जेवा, जैदी र छिस्तीलगायत बागलुङको दक्षिणबाट करिब डेढ घण्टामा पोखरा पुग्न सकिने छ, अहिले घण्टौं लाग्छ ।'

पुल निर्माण समयमै भएमा पोखरा पुग्नका लागि जैमिनी तथा बरेङ क्षेत्रका स्थानीयवासीलाई बागलुङ बजार, कुस्मलगायत ठाउँ पुग्नुपर्ने छैन । यसले समय र यातायात खर्च घटाउने छ । पुल निर्माणमा ढिलाइ हुँदा पोखरा काठमाडौं जाने स्थानीयवासीले घण्टौंको फेरो पर्ने सडक प्रयोग गर्न बाध्य भएको क्षेत्रीको भनाइ छ । जैमिनी नगरपालिका उपप्रमुख हरिहर शर्माले काममा ढिलाइ भएकाले पालिकाको पहलमा पूर्वाधार विकास निर्देशनालय गण्डकी प्रदेश पोखरा र ठेकेदार कम्पनीसँग छलफल गरी कामलाई तीव्रता दिन निर्देशन दिइएको बताउनुभयो । पुलको काम अघि बढाउन आवश्यक गिटी बालुवाका लागि क्रसर राख्न दिनेसमेत सहमति भएको उपप्रमुख शर्मा बताउनुहुन्छ । 'दुई वर्ष बढी भइसक्यो पुल निर्माणका लागि सम्झौता भएको तर अहिलेसम्म पुलको काम सुरु हुन सकेको छैन, पुल निर्माणमा ढिलाइ भएपछि ठेकेदार कम्पनीलाई बोलाएर काम समयमै गराउन थालेका छौं', उपप्रमुख शर्माले भन्नुभयो, 'सम्झौता मिति सकिन धेरै लामो समय छैन तर काम नै सुरु नभएकाले उनीहरूलाई डाकेर छलफल गरेका छौं, काम गर्छौं भन्ने जवाफ पाएका छौं ।' काममा अत्यन्त ढिलाइ भएको पूर्वाधार विकास निर्देशनालय गण्डकी प्रदेश कास्की पोखराका निमित्त निर्देशक राम पराजुलीले बताउनुभयो । निर्माण कम्पनी क्याराभान जेभीले पुलको डिजाइन गर्ने र पुल पनि उसैले निर्माण गर्ने गरी ठेक्का सम्झौता भएको जानकारी दिनुभयो । अबको दुई महिनामा पुल बन्न सक्ने सम्भावना न्यून रहेको उहाँको भनाइ छ । निर्देशक पराजुली भन्नुहुन्छ, 'सम्झौता भएको धेरै समय भयो, यति बेला करिब-करिब काम सकिसक्नुपर्ने हो, सम्झौता भएअनुसार काम भएको छैन, सम्झौताअनुसार अब काम गर्ने समय धेरै छैन, काममा ढिलाइ भएकै हो । यही अवधिमा काम सकिने अवस्था छैन ।'

पुल निर्माणमा ढिलाइ भएपछि पूर्वाधार विकास निर्देशनालय, जैमिनी नगरपालिका र ठेकेदार कम्पनीबीच छलफल भएको थियो । निर्माण कम्पनीले काम सुरु नगरे पनि पुलको सामान ओसार पसारका लागि सडक खुलाउन थालेको स्थानीयवासीको भनाइ छ । जिल्लामा योसँगै आधा दर्जन बढी पुल अलपत्र अवस्थामा छन् ।

# दाताको सहयोगमा आश्रम सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, २ फागुन

तनहुँको व्यास नगरपालिका-५ बेनीपाटनमा सञ्चालित ज्येष्ठ नागरिक आश्रममा नौ वृद्धवृद्धाले सहारा पाउनुभएको छ ।

विसं २०६८ मा स्थापित सो आश्रम राष्ट्रिय परोपकार महासङ्घ तनहुँ शाखामार्फत सञ्चालित छ । आश्रमले छोराछोरीविहीनलाई सहारा दिएर पालनपोषण गरिरहेको महासङ्घ तनहुँका उपाध्यक्ष बलबहादुर रानाभाटले जानकारी दिनुभयो ।

"जसको घरजग्गा छैन, जसको छोराछोरी हुनुहुन्न त्यस्ता ज्येष्ठ नागरिकलाई आश्रमले आश्रय दिइरहेको छ", उहाँले भन्नुभयो । आश्रममा रहेका ज्येष्ठ नागरिक आफैँले तरकारी उत्पादन गर्नुहुन्छ । आश्रममा आठ गाई पालिएको छ । गाईको स्याहारसुसार पनि ज्येष्ठ नागरिकले गर्दै आउनुभएको छ । "आश्रम नजिक रहेको जग्गामा आफैँले तरकारी उत्पादन गर्नुहुन्छ, तरकारी बाहिरबाट किन्न पर्दैन", उहाँले भन्नुभयो, "ज्येष्ठ नागरिकलाई बिहान-बेलुका नै दूधको व्यवस्था गरिएको छ ।" श्रमका हरेक कोठामा नुहाउनका लागि तातोपानीको व्यवस्था गरिएको छ । यसका लागि आश्रममा सोलार जडान गरिएको छ । उक्त आश्रम दाताको सहयोगमा सञ्चालित छ । सरकारी तवरबाट कुनै सहयोग नरहेको र विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको चन्दाबाट आश्रम सञ्चालनमा सहयोग पुगेको रानाभाट बताउनुहुन्छ । व्यास नगरपालिका-५ चापाघाटमा विसं २०७० वैशाख १ गतेदेखि वेदव्यास ज्येष्ठ नागरिक आश्रम सञ्चालित छ । दमौलीका विभिन्न क्षेत्रमा क्रियाशील महिलाको सक्रियतामा असहाय नागरिक संरक्षण गर्ने उद्देश्यसहित आश्रम सञ्चालन गरिएको थियो । आश्रममा हाल तीन जनाले आश्रय लिइरहनुभएको छ । आश्रम सञ्चालनका लागि मासिक करिब रु ३५-४० हजार खर्च हुने गरेको छ । वृद्धवृद्धाको स्याहारसुसारका लागि आश्रममा एक जनालाई रोजगारी पनि दिइएको छ ।

दाताको सहयोग विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको सहयोगबाट आश्रम सञ्चालनमा सहज भएको आश्रमकी सचिव निर्मला मल्लले जानकारी दिनुभयो । "व्यक्तिले जन्मदिन, पुण्यतिथिलगायतको अवसर पारेर आश्रममा सहयोग गरिरहनुहुन्छ, त्यही सहयोगका कारण आश्रम सञ्चालनमा कठिनाइ भएको छैन", उहाँले भन्नुभयो । विभिन्न पेसा व्यवसायमा आबद्ध महिला सङ गठित भएर आश्रम सञ्चालन गरेको र ज्येष्ठ नागरिकलाई सेवा गर्न पाउँदा आत्मसन्तुष्टि मिलेको उहाँले बताउनुभयो । तीस जना महिलाबाट सुरु भएको वेदव्यास ज्येष्ठ नागरिक आश्रममा अहिलेको सदस्य सङ्ख्या तीन सय ३० पुगेको छ । असहाय एवं आर्थिकरूपमा विपन्न ज्येष्ठ नागरिकको संरक्षण गर्ने उद्देश्यले आश्रम स्थापना गरिएको जनाइएको छ । स्थापनाकालमा ३० महिलाले रु एक-एक हजार उठाएर रु ३० हजारको अक्षयकोष स्थापना गर्नुभएको थियो । आश्रमका ज्येष्ठ नागरिकलाई खुवाउनका लागि खाद्यान्नलगायतका सहयोग व्यक्ति तथा सङ्घसंस्थाले गर्दै आएको आश्रमकी कार्यवाहक अध्यक्ष शकुन्तला आलेले जानकारी दिनुभयो । "देश तथा विदेशमा रहने व्यक्ति तथा विभिन्न सङ्घसंस्थामार्फत आश्रमलाई सहयोग प्राप्त हुन्छ", उहाँले भन्नुभयो, "दाताको सहयोगले आश्रम चलाउन सहज भएको छ ।"

उहाँका अनुसार आश्रममा आश्रय लिइरहनुभएका ज्येष्ठ नागरिकको स्याहारसुसारमा कुनै कमी गरिएको छैन । केही वर्षसम्म भाडाको घरमा सञ्चालन हुँदै आएको आश्रमले अहिले आफ्नै जग्गा खरिद गरी भवन निर्माण गरेको छ । विसं २०७२ मा आयोजना गरिएको महायज्ञबाट सङ्कलन भएको रकमले दुई रोपनी क्षेत्रफल जग्गा खरिद गरी भवन निर्माण गरिएको छ ।

# बागलुङ बजारमा नक्सा पास बिनै भवन

पोखरापत्र संवाददाता
बागलुङ, २ फागुन

बागलुङ बजारमा ठूला घर तथा भवन निर्माण भइरहेका छन् । भवन निर्माण गर्दा भवनसंहिता अनुसार निर्माण गर्नुपर्छ । तर यहाँ निर्माण भइरहेका धेरै सरकारी तथा निजी भवनसंहिता विपरीत निर्माण भएको पाइएको छ ।

बागलुङमा सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय छ । यस कार्यालयको काम भवनसंहिता हेर्ने, गुणस्तर मापन गर्ने र निर्माणको अनुगमन गर्नु हो । तर कार्यालयकै भवन नगरपालिकाबाट नक्सा पास नगराई चार तला ठड्याइसकेको छ । भवन बनाउँदा पालिकालाई जनाकारीसमेत दिइएको छैन । तर कार्यालय प्रमुख सुनिता श्रेष्ठले भने राष्ट्रिय भवन मापदण्ड अनुसारनै भवन निर्माण गरिरहेको जिकिर गर्नुहुन्छ । प्रमुख श्रेष्ठ भन्नुहुन्छ, "हाम्रै इन्जिनीयरले नाप जाँच गरेर भवन बनाउन थालेका हौं, भवनको सबै डकुमेन्ट बनेको छ, सबै ठाउँबाट स्वीकृत भएको छ, यही कार्यालयले पनि अनुगमन गर्ने, मापदण्ड पालना गराउने गर्छ, भवन निर्माणसंहिता र आफ्नै मापदण्ड अनुसार बनाएको हुँदा नक्सा पास गरिएन, यसलाई इस्यु बनाउनुपर्ने आवश्यक छैन ।"

श्रेष्ठ नक्सा पासको काम निर्माण कम्पनीले नगरेको दोष लगाउँनुहुन्छ । आफै नियम पालना गराउने ठाउँमा भएको व्यक्तिले अरुलाई दोष लगाउनु उचित नभएको स्थानीयवासी बताउँछन् । बागलुङ नगरपालिकाका इन्जिनीयर त्रिलोचन गिरीले भवन बनाउँदा जुनसुकै कार्यालयले पनि नगरपालिकाबाट नक्सा पास गर्नुपर्ने बताउँनुभयो । इन्जिनीयर गिरीले सघन सहरी तथा भवन निर्माण कार्यालयले भवन बनाउँदा नगरपालिकालाई एक पटक पनि जानकारी नगराएको बताउँनुहुन्छ । उहाँ भन्नुहुन्छ, "सबै निकायले भवन बनाउँदा नगरपालिकाको अनुमति लिनुपर्ने हुन्छ, नगरपालिकाको विधि, नियम र मापदण्ड अनुसार गर्नुपर्छ, उहाँहरूले अरुलाई निर्देशन दिने ठाउँमा हुनुहुन्छ तर आफ्नै भवन बनाउँदा नियम मिचेको पाइयो ।"

गिरीले कुनै पनि घर भवन बनाउँदा नक्सा पास गरेर मात्रै जग खन्नुपर्ने बताउनुभयो । जिल्ला प्रशासन कार्यालय बागलुङ र जिल्ला प्रहरी कार्यालयले पनि नक्सा पास नगरेको उहाँले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालयले केही महिनादेखि नयाँ भवन बनाउँदै छ भने जिल्ला प्रशासन कार्यालय चार वर्ष अगाडि निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।

बागलुङ नगरपालिकाले पाँच तलाभन्दा माथिको भवन बनाउन नपाइने नियम बनाएको छ । तर पछिल्लो समय नियम विपरीत तला थप्ने बढ्दै गएको इन्जिनीयर गिरी बताउँनुहुन्छ । बजार क्षेत्रमा अहिले करिब १०० घर भवन मापदण्ड विपरीत रहेका छन् । उनीहरूलाई नियमानुसार कारबाही गरिने नगरपालिकाले जनाएको छ । बागलुङ बजारमा चार हजार घरले नक्सा पास गराएका छन् ।

# सराङघाट सबस्टेसन निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २ फागुन

तनहुँको बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीको सराङघाट सबस्टेसन निर्माण सम्पन्न भएको छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गरिहेको एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत सराङघाट सबस्टेसन निर्माण गरिएको हो ।

यसैगरी, तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित मार्कीचोक सबस्टेसनदेखि बन्दीपुर गाउँपालिकाको डुम्रेसम्मको ३३ केभी प्रसारण लाइन 'ट्यापिङ' गरिएको तनहुँ वितरण केन्द्रका प्रमुख मेखराज जोशीले जानकारी दिनुभयो । प्रसारण लाइन बन्दीपुर गाउँपालिका-५ याम्पाफाँटमा 'ट्यापिङ' गरी सराङघाट सबस्टेसनसम्म पुऱ्याउने १९ किलोमिटर लामो ३३ केभी लाइन पनि निर्माण सम्पन्न भएको छ । यसमध्ये एक हजार एक सय ३० मिटर प्रसारण लाइन भूमिगत गरिएको उहाँले बताउनुभयो ।

प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत कार्यान्वयन भएको तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण सञ्जाल सुधार आयोजनामार्फत निर्माण गरिएको प्रसारण लाइन र सबस्टेसन सोमबार 'चार्ज' गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित तनहुँ जिल्लामा विद्युतीकरण गर्न र विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो तथा गुणस्तरीय बनाउन सबस्टेसन र प्रसारण लाइन निर्माण गरिएको हो । आयोजनाअन्तर्गतकै तनहुँको शुक्लागण्डकी नगरपालिका-५ स्थित खैरेनिटार सबस्टेसनबाट घिरिङसम्म १९ किलोमिटर ३३ केभी प्रसारण लाइन र ३३/११ केभीको घिरिङ सबस्टेसन यसअघि नै निर्माण सम्पन्न भई सञ्चालित छन् ।